# अनुसूची-५

(विभिन्न विदेशी मुलुकहरूबाट पैठारी हुने र विभिन्न विदेशी मुलुकहरूमा निकासी हुने माल वस्तुहरूमा भन्सार महसूल लिने विषयको थप नियम)

(१) ए. आर. १ फर्मबाट पैठारी हुने मालसामानहरूमध्ये कपडाको पैठारी गर्नेवालाले साल भरको भा.रू. १०,०००।– वा सोभन्दा बढी भारतीय केन्द्रीय अन्तः शुल्क तिरेको छ भने त्यसलाई सो अन्तः शुल्कको सयकडा ५ पांच रिवट दिइने हुंदा भन्सारहरूले पनि यस्ता महाजनहरूको साल भरमा ए.आर.वन फर्म अन्तर्गत कति कपडा पैठारी हुन्छ त्यसको अन्तःशुल्क कति तिरेको रहेछ त्यसको तथ्यांक राखी महीना महीनामा भंसार तथा अन्तःशुल्क विभागमा पेश गर्ने गर्नुपर्नेछ।

(२) भारतको बाटो गरी स्थानीय खर्च व्यहोर्नका लागि सहायतार्थ नेपाल अधिराज्यभित्र पैठारी हुने मालसामान तथा वस्तुहरूको भारतबाट नेपाल अधिराज्यमा पैठारी हुने माल सामान तथा वस्तुहरूमा लाग्ने दरवन्दी बमोजिम भंसार महसूल (अर्थात अनुसूची २ बमोजिम) लाग्नेछ।

(३) श्री ५ को सरकारबाट भन्सार सुविधा वा महसूल सुविधा पाई पठारी गरेको मोटर-कार आदि सवारीहरू आफूले उपयोग गरी बिक्री गरेमा ओरिजिनल प्राइसमा ५ पाँच वर्षसम्मलाई वर्षको सयकडा ५ प्रतिशतका दरले डिप्रिसियन कटाई सो बाँकी मूल्यमा दरवन्दी बमोजिम भन्सार महसूल र ५ पाँच वर्ष पछि भन्सार महसूल लिइने छैन।

(४) औद्योगिक कामको निमित्त आएको तर फर्निचरका लागि काममा नआउने औद्योगिक मेशिनमा काम लाग्ने कामको सामानको पैठारी महसूल औद्योगिक मेशिनरी पार्ट पूर्जा सरहनै मो. प्र. श. १ एक लिईने छ। तर सो कामको सामान मेशिनको पार्ट पूर्जा हो वा होइन भन्ने कुरा श्री ५ को सरकार उद्योग वाणिज्य मन्त्रालय, उद्योग विभागको रायमा भंसार तथा अन्तःशुल्क विभागको ठहर बमोजिम हुनेछ।

(५) नेपाल अधिराज्यभित्रका सिनेमा भवनहरूमा प्रदर्शन गर्नको लागि पैठारी भएको फिल्महरू मध्ये कुनै वा सबै फिल्मलाई सरकारी सेन्सर बोर्डले पास नगरी सिनेमा भवनहरूमा देखाउन नपाई फिर्ता लैजान बाध्य भएमा त्यस्ता पास नभएका फिल्महरूको पैठारी महसूल नलाग्ने हुंदा भन्सारहरूले सिनेमा फिल्म पैठारी भै आएमा देहाय बमोजिम हुनेछ।

(क) सिनेमा फिल्म पैठारी भै आएमा त्यसको दरवन्दी बमोजिम लाग्ने भन्सार महसूल पैठारी हुनासाथ लिई धरौटी स्याहामा आम्दानी बांध्ने र त्यसको रसीद पैठारी गर्नेलाई दिने।

(ख) उक्त दफा (क) मा लेखिए बमोजिम महसूल धरौटी राखी पैठारी गरेको फिल्म सेन्सर बोर्डले पास नगरी फिर्ता लैजान ल्याएमा सो धरौटी रहेको रकमबाट सयकडा १० (दश) सदर स्याहा गरी बाँकी फिर्ता दिने। सेन्सर बोर्डले पास गरेमा सो धरौटी रहेको महसूल सदर स्याहा गर्ने।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) सेन्सर बोर्डले पास गरे नगरेको सूचना भन्सारलाई सिनेमा हल वालाहरूले ३ तीन दिनभित्र दिनुपर्नेछ ।

(घ) सेन्सर बोर्डले पास गरिसकेको सिनेमा फिल्म सिनेमा भवनमा आफू खुशी प्रदर्शन नगरे पनि त्यस्ता फिल्महरूको भन्सार महसूल फिर्ता दिइनेछैन । भन्सारहरूले दफा (क) बमोजिम रहेको धरौटी सदर स्याहा गर्नु ।

(ङ) सिनेमा फिल्महरू सिनेमा भवनहरूमा प्रदर्शन गरी वा नगरी वा भन्सारबाटै डिलेभरी नलिई फिर्ता जाने अर्थात (निकासी हुने) भएमा निकासी भन्सार महसूल लिइने छैन ।

(६) यही श्रावण १, २०१९ देखि भन्सार अड्डाहरू बिहान ७ बजेदेखि बेलुका ६ बजेसम्म खुला रहने हुंदा देहायमा लेखिए बमोजिम गर्ने गर्नु ।

(क) भंसार अड्डा (मूल तथा छोटी) हरूमा बिहान ६ (छ) बजेदेखि बिहान १० दश बजेसम्म र बेलुकी ५ पांच बजेदेखि बेलुकी ६ (छ) बजेसम्मको टायमभित्र मालसामान तथा वस्तुहरू निकासी तथा पैठारी गर्न ल्याएमा सो मालसामान तथा वस्तुहरूको मोलको सयकडा १ एक प्रतिशतका दरले ओभरटायम चार्ज समेत लिइने छ ।

(७) समुद्रपारबाट नेपाल अधिराज्यमा पैठारी हुने मालको मोल कायम गर्दा निकासी हुने ठाउँको परल मोल, भारतको बन्दरगाहसम्म तिरिएको भाडा भरोट र इन्स्योरेन्स खर्च भए सो पनि तथा भारतको बन्दरगाहबाट नेपालको सीमानासम्म लागेको भाडा भरोट र इन्स्योरेन्स खर्च भए सोसमेत सबै जोडी आएको अंकलाई मोल मानिनेछ । तर परल मोल लेखिएको बीजक ठीक हो होइन त्यस बारे भंसारले जांच्ने अधिकार भारतबाट पैठारी हुने होस अथवा भारतको बाटो गरी अन्य मुलुकबाट पैठारी हुने माल होस सुरक्षित रहनेछ ।

(८) श्री ५ को सरकारको अनुमति प्राप्त गरी आउने पर्वतारोहण दलहरूको सम्बन्धमा मदिरा, रक्सी, वाइन र बियर तथा चुरोटको दरबन्दी बाहेक अन्य सबै अनुसूचीको पैठारी दरबन्दीमा १० दश प्रतिशतभन्दा बढीको दरबन्दीको हकमा १० दश प्रतिशत-मात्र भंसार महसूल लाग्ने छ र फिर्ता गरेर लाने मालमा राखिने धरौटी नगदका सट्टा कुनै विदेशी मुद्राको चेकमा राख्न सकिने छ ।

(९) भंसार महसूल लिने दरबन्दीको निकासी वा पैठारीको महलमा महसूलको अंक नकिटी खालि रहेकोमा भंसार महसूल लिइने छैन ।

आज्ञाले–
डा. यादवप्रसाद पन्त
श्री ५ को सरकारको सचिव,
अर्थ मन्त्रालय ।

११८ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।